फोन नं. ०७९-५२०१५० ,
फोन/फ्याक्स नं: ५२०४५७

# रेसुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
५ नम्बर प्रदेश, नेपाल

प.सं. ०७७/०७८

चलानी नं. २४३

मिति २०७७।६।९

विषय :- जानकारी सम्वन्धमा ।

श्री वडा कार्यालय सबै (१-१४)
रेसुङ्गा नगरपालिका, गुल्मी ।

प्रस्तुत विषयमा कोभिड-१९ (कोरोना) को प्रकोप दिनानुदिन बढ्दै गई रहेको, हाल लकडाउन पनि खुकुलो भई रहेको अवस्था तथा यस रेसुङ्गा नगरपालिकाभित्र कोरोना संकमण समुदायमा नै फैलिने सम्भावना बढेको हुंदा देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल

१) वडाबाट सम्पादन गरिने सेवा प्रवाहलाई प्राथमिकीकरण गरी अत्यावश्यक सेवामात्र स्वास्थ्य सुरक्षा मापदण्ड कायम गरी गर्ने गराउने ।

२) वडाभित्र कुनै पनि किसिमका सभा सम्मेलन १० जनभन्दा बढी नागरिक जम्मा हुने बैठक तथा अन्य कार्य अर्को सूचना जारी नभएसम्म नगर्ने यसको लागि सबै नागरिकहरुलाई जानकारी गराउने ।

३) कुनै नागरिकलाई कोरोना सम्वन्धी लक्षण देखिएमा रेसुङ्गा नगरपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गरी परीक्षण गराउने तथा शंकास्पद व्यक्ति होम क्वारेन्टाइनमा अनिवार्य वस्ने व्यवस्था मिलाउने ।

४) नागरिक सुरक्षा तथा जनचेतना अभिवृद्धिको लागि वडालाई न्यूनतम ५ क्लस्टरमा विभाजन गरी वडा सदस्य ज्यूहरुलाई जिम्मेवारी प्रदान गर्ने, संकटग्रस्त नागरिकहरुको उद्दार राहत तथा पुन: स्थापनामा प्रभावकारी समन्वयात्मक कार्यक्रम अगाडि बढाउने ।

५) विद्यालयहरुमा गरिने पठन पाठन सम्वन्धमा विद्यार्थि सिकाई सहजीकरण निर्देशिका, २०७७ को पूर्ण पालना गर्ने गराउने ।

६) विकास निर्माण कार्य सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड कायम गरी गरे नगरेको सम्वन्धमा अनुगमन गरी मापदण्ड अनिवार्य लागुगर्न निर्देशन दिने ।

७) वडामा गठित र्‍यापिड रेस्पोन्स टिमलाई क्रियाशिल बनाई संकटापन्न अवस्थामा रहेका नागरिकहरुको उद्दार तथा पुन: स्थापना गर्ने गराउने ।

(भक्तिराम मरासिनी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत